कोशी प्रदेश सरकार

# स्वास्थ्य मन्त्रालय

नीति योजना तथा जनस्वास्थ्य महाशाखा

विराटनगर, नेपाल

प.सं. :- ०८३/८४

च.नं. :- ६२१

मिति :- वि.सं. २०८३/०६/२५

ने.स. :- ११४६ कौलाथ्व,१ आइतवार

विषय: जिल्ला अस्पताल इनरुवा सुनसरीमा भएको घटनाका सम्बन्धमा।

विज्ञप्ती

मिति २०८३ साल असोज २१ गते प्रसव पीडाका कारण जिल्ला अस्पताल इनरुवा सुनसरी मा आएकी सुत्केरी महिलालाई अस्पतालले भर्ना नलिएको भन्ने लगायतका विषय विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जाल मार्फत सार्वजनिक भएको सम्बन्धमा यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

यस घटनाको वास्तविक अवस्था पहिचान गरी सत्यतथ्य पत्ता लगाउन तथा आवश्यक कारबाहीको प्रक्रिया अघि बढाउन मन्त्रालयले सम्बन्धित निकायसँग समन्वय गरिरहेको छ। यसै क्रममा घटनाको निष्पक्ष छानबिन गरी वस्तुस्थितिको यथार्थ विवरण पेस गर्न यस मन्त्रालयका प्रशासन महाशाखा प्रमुख (उपसचिव/नवौं तह) को संयोजकत्वमामिति २०८३/०६/२३ गते विषय विज्ञ सहितको पाँच सदस्यीय छानबिन समिति गठन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

छानबिन टोलीले तोकिएको कार्यदिश बमोजिम निष्पक्ष र तथ्यपरक रूपमा अध्ययन तथा अनुसन्धान गरी मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्नेछ। छानविन कार्यलाई निष्पक्ष बनाई प्रभावित हुन नदिन छानविन कार्य निष्कर्षमा नपुगेसम्म अस्पतालका तत्कालिन निमित्त मेडिकल सुपरिटेन्डेन्टलाई अस्पताल प्रमुखको जिम्मेवारीबाट बाहिर राखी छानविन कार्यमा सहयोग पुर्याउने व्यवस्था मिलाइएको छ। छानबिनबाट अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट, चिकित्सक वा अन्य स्वास्थ्यकर्मी र कर्मचारीको संलग्नतामा प्रचलित कानुन विपरीत कार्य भएको पुष्टि भएमा सम्बन्धित व्यक्तिलाई प्रचलित कानुन बमोजिम कारबाहीको दायरामा ल्याइनेछ। साथै, आगामी दिनमा यस्ता वा यस्तै प्रकृतिका घटना दोहोरिन नदिन आवश्यक सुधारात्मक तथा निरोधात्मक उपाय अवलम्बन गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

हाल उक्त घटनाको छानबिन प्रक्रिया जारी रहेको हुँदा छानबिनबाट प्राप्त हुने तथ्य तथा निष्कर्षका आधारमा मन्त्रालयले आवश्यक निर्णय लिई प्रतिवेदनमा औंल्याइएका विषयहरूको कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछ। यस सन्दर्भमा घटनाको सत्यतथ्य पुष्टि हुनुअघि अपुष्ट सूचना तथा विवरणका आधारमा निष्कर्षमा नपुग्न र आम जनस्वास्थ्य, अस्पताल तथा त्यहाँ कार्यरत स्वास्थ्यकर्मी एवं कर्मचारीप्रति अनावश्यक नकारात्मक धारणा सिर्जना हुन सक्ने गरी अपुष्ट सूचना सम्प्रेषण नगर्न/नगराउन सम्बन्धित सबैमा मन्त्रालय हार्दिक अपिल गर्दछ। साथै, घटनाको निष्पक्ष छानबिनमा सहयोग पुऱ्याउने गरी सत्यतथ्यमा आधारित सूचना सम्प्रेषण गर्न सञ्चार माध्यम, सामाजिक सञ्जालका प्रयोगकर्ता तथा सरोकारवाला सबैमा अनुरोध गरिन्छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Savyata Panthi
panthisavyata@gmail.com

(डा. सभ्यता पन्थी)

जनस्वास्थ्य प्रशासक